व्यास नगरकार्यपालिकाको २१० औं बैठक आज मिति २०८१/१२/०७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |
| का.बा.वडाध्यक्ष वडा नं. ८ | - श्री सकुन्तला ठडराई | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/११/२६ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व. ०८२/०८३ को योजना छनौटका मापदण्ड २०८१ सम्बन्धमा ।
प्रस्ताव नं.३: साँस्कृत महोत्सव २०८१ को प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.४: व्यास नगर स्तरीय भूमिहिन तथा अव्यवस्थित बसोबास समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.५: स्पष्टीकरण सोधिएका कर्मचारीहरुको सम्बन्धमा ।
प्रस्ताव नं.६: सामुदायिक विद्यालयका प्रध्यानाध्यापक नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.७: जग्गा वर्गीकरणको दावी विरोध सम्बन्धमा ।
प्रस्ताव नं.८: ३३ औ स्थापना दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.९: दोस्रो सार्वजनिक सुनुवाई सम्बन्धमा ।
प्रस्ताव नं.१०: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.११: बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: सार्वजनिक मन्दिर, सामुदायिक भवनको जनश्रमदान प्रतिशत स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: सत्यवती मा.वि.को जग्गा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१४:आ.व. ०८१/०८२ को आयव्यय सम्बन्धमा ।
प्रस्ताव नं.१५: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति सम्बन्धमा ।
प्रस्ताव नं.१६: ३ नं वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१७: प्रधानमन्त्री राजेजगार कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.१८ स्मारिका प्रकाशन सम्बन्धमा ।
प्रस्ताव नं.१९ दुधमा अनुदान उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२० खसीबोकामा अनुदान उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२१ अत्यावश्यक रकम विनियोजन सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस अघि मिति २०८१/११/२६ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले विगत वर्षहरुमा नगर वडा स्तरीय योजना वितरण सम्बन्धी मापदण्डको समीक्षा गरी आ.व.२०८२/०८३ को योजना छनौट सम्बन्धित मापदण्डको मस्यौदा पेश गर्न मिति २०८१/११/८ को बैठकबाट पूर्वाधार विकास समितिको अध्यक्ष श्री सुरेश थापाको संयोजकत्वमा गठित समितिबाट प्रस्तावित मापदण्डलाई व्यापक छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगर प्रज्ञा प्रतिष्ठानद्धारा मिति २०८१/११/०७ देखि २०८१/११/०९ गते सम्म दमौलीमा आयोजना गरिएको बहुजातीय साँस्कृतिक महोत्सव २०८१ मा कुल रु.९,१३,७००। (नौ लाख तेह्र हजार सात सय मात्र) खर्च भएकोले सो अनुमोदन गरी समितिबाट प्रस्तुत प्रतिवेदन पारित गर्दै सहभागी एवं सहयोगी सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय भूमि आयोगको परियोजनामा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको लागत सङ्कलन सम्बन्धी कार्यविधि २०७८ को दफा ४ (१) बमोजिम नगर स्तरीय भूमिहिन तथा अव्यवस्थित बसोबासी सहजीकरण समिति र ऐ दफा ४ (२) बमोजिम वडा स्तरीय व्यवस्थापन सहजीकरण समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

(क) नगर स्तरीय सहजीकरण समिति

१. संयोजक - श्री वैकुण्ठ न्यौपाने

२. सदस्य - श्री इन्दिरा दरै

३. सदस्य - श्री राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका स्थानीय प्रतिनिधि

४. सदस्य - श्री चन्द्रमायाँ परियार

५. सदस्य - श्री चेतबहादुर दरै

६. सदस्य - श्री केशबहादुर सुनार

७. सदस्य - श्री मायाँ सोती

८. सदस्य सचिव - श्री काशीराम गैरे

(ख) वडा स्तरीय सहजीकरण समिति (सबै वडाहरुमा)

१. अध्यक्ष (सम्बन्धित वडाध्यक्ष)

२. सदस्य (सम्बन्धित वडाका सबै वडा सदस्यहरु)

३. सदस्य (सम्बन्धित वडाका राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका प्रतिनिधिहरु)

४. सदस्य (स्थानीय ३ जना (एक महिला, एक दलित समेत)

५. सदस्य सचिव (सम्बन्धित वडा सचिव)

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको जग्गा खरिद प्रकृयामा केही कर्मचारीहरुको सार्वजनिक भएको अडियो काण्डमा आठौं तहका श्री कुमार कञ्चन जि.सी., सातौं तहका श्री प्रमोद सोती र सोही तहको श्री कृष्णराज घिमिरेलाई सोधिएको दोस्रो स्पष्टीकरण बैठकमा प्रस्तुत भई छलफल हुँदा गल्ती स्वीकार गरी क्षमा माग गरिएको र गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट कारबाहीको प्रक्रिया अघि बढाउनु भएकोले सो सम्बन्धमा अन्तिम प्रतिवेदन आगामी बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा सम्पूर्ण सामुदायिक विद्यालयहरुमा २०८१ चैत्र महिना भित्र प्र.अ. नियुक्ति प्रक्रिया कानुन बमोजिम अघि बढाउन शिक्षा तथा सामाजिक विकास शाखाबाट विज्ञापन गरी प्राप्त दरखास्ताहरु सम्बन्धित विद्यालयमा पठाई प्र.अ. छनौट सिफारिस गर्न सबै विद्यालयलाई संयोजन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सम्पुर्ण जग्गाहरुको वर्गीकरण प्रतिवेदन उपर ३५ दिने दावि विरोधको सूचना जारी भई वडाहरुमा सङ्कलित निवेदनहरु नगरपालिका घर नक्सा शाखामा पेश गरी छानविनको टुङ्गो लगाई आगामी बैठकमा पेश गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३३ औ स्थापना दिवस २०८१ चैत्र ३० गते बिहान ७:०० बजे दमौली सभाहलमा आयोजना गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.२०८१/०८२ को दोस्रो सार्वजनिक सुनुवाई मिति २०८१/१२/२२ गते शुक्रबार वडा नं.७ को वडा कार्यालय प्राङ्गणमा बिहान ११:३० बजे गर्ने गरी पत्रकार महासंघ जिल्ला शाखालाई जिम्मा दिने र सहभागिताका लागि सरोकारवाला सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा निम्न वडाहरुको निम्नानुसारका योजनाहरुलाई निम्नानुसार परिवर्तन गर्ने निर्णय गरियो ।

वडा नं.१

वडा भित्रका खानेपानी मूल तथा कुवाहरु मर्मत सि.नं.४७५ कोड नं.४०२ को रु.१,००,०००। (एक लाख) लाई वडा कार्यालय भवनको दोश्रो तल्लामा विद्युत व्यवस्थापनमा परिवर्तन गरियो ।

वडा नं.४

वडा भित्र सि.सि. क्यामेरा जडानका लागि सि.नं.५०८ मा रु.१०,००,०००। विनियोजन गरिएकोमा उक्त काम नहुने भएकाले सो रकम हरिॐ टोलमा नाला स्तरोन्नतिका लागि रु.५,००,०००। र चुरेखोल्सी टोलमा वाल निर्माणका लागि रु.५,००,०००। परिवर्तन गरियो ।

वडा नं.५

**क)** मिति २०८१/०८/०७ गतेको कार्यपालिका बैठकबाट जनजुक्त शाही मा.वि. फुटबल निर्माणलाई जनजुक्त शाही मा.वि. एक भवनबाट अर्को भवनमा जाने पुल निर्माणमा परिवर्तन गरियो ।

**ख)** कृषकका लागि फलामे हलो वितरण सि.नं.९०५ को रु.२,१०,०००। लाई कृषकलाई पानी तान्ने मोटर/पाइप/टनेल वितरणमा परिवर्तन गरियो ।

**ग)** सिन्धु मार्गदेखि उदय मार्ग जोड्ने बाटोमा ग्राभेल सि.नं.९०४ को रु.३,००,०००। लाई ठूलोटार कल्भर्टदेखि बेलौतीगैरा हुँदै सिन्धु प्रा.वि. जोड्ने बाटोको पक्की नाला निर्माणमा परिवर्तन गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं. ११ का सम्बन्धमा छलफल हुँदा तपसिलमा उल्लेखित विभिन्न निर्माण कार्यको लागि विद्युतीय बोलपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका फर्महरु मध्ये निम्न फर्महरुको न्यूनतम मूल्यांकित बोलपत्र स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकाले मूल्याङ्कन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृत गरी सम्झौता प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं. | फर्मको नाम र ठेगाना | कामको विवरण | (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | ८/WORKS/VYASMUN /०८१/०८२ | श्री डाईमण्ड इन्फ्रा ईन्जिनियरिङ प्रा.लि. पालुङटार गोरखा | शहरी कालोपत्रे सडकको आवधिक मर्मत योजना वडा नं. १,२,३,४,१०,११ र १३ | रु.६९,६५,७८७/२१ |
| २. | ४/WORKS/VYASMUN /०८१/०८२ | श्री सन्ध्या सन्देश निर्माण सेवा व्यास ५ तनहुं | झांकीथान खानेपानी योजना व्यास १३ | रु.३३,०४,३३८/२३ |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ स्थित दुर्गा मन्दिर एवं सामुदायिक भवन निर्माणको लागि गत आर्थिक वर्षमा रु.६,१०,०००। रकम स्वीकृत भई योजना सम्झौता भएकोमा सम्झौताको बखत जनश्रमदानको अंश २० प्रतिशत कायम भएको र सार्वजनिक स्थान भएको हुँदा स्थानीय उपभोक्ताहरुबाट वडाको सिफारिस सहित जनश्रमदानको अंश घटाई दिनुहुन भनी निवेदन प्राप्त भएको हुँदा जनश्रमदान १० प्रतिशत जुटाएमा कार्यसम्पन्न भएपछि सम्झौता बमोजिमको रकम भुक्तानी दिने गरी योजना संशोधनको लागि योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ स्थित श्री सत्यवती मा.वि.लाई २,००० भन्दा बढी विद्यार्थी भएकाले नेपाल सरकारबाट २४ कोठे भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने प्रस्ताव आएकाले र हालको अवस्था विद्यालयमा जग्गा पर्याप्त नभएकाले अन्य विद्यालय वा वडासँग समन्वय गरी सहजीकरण गर्न वडा नं.२ का अध्यक्षलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा आ.व.०८१/०८२ को फाल्गुण मसान्तसम्मको कुल आय अनुमानित २,१०,३५,४३,०००। मध्ये रु.८५,००१४०००। प्राप्त भएको र चालुतर्फ ५३.६३ प्रतिशत एवं पूँजीगत तर्फ १३.३२ प्रतिशत खर्च भएको बैठकमा जानकारी प्राप्त भयो ।

**निर्णय नं.१५:** प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुँदा स्वास्थ्य क्षेत्रका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८० अनुसार निम्नानुसार व्यास नगर समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

(क) संयोजक -श्री इन्दिरा दरै, उप प्रमुख
(ख) सदस्य -श्री चन्द्रमायां परियार, संयोजक सामाजिक विकास समिति
(ग) सदस्य -श्री केदारराज आचार्य, शिक्षा शाखा प्रमुख
(घ) सदस्य -श्री स्वास्थ्य शाखा प्रमुख
(ङ) सदस्य -श्री योजना प्रशासन शाखा
(च) सदस्य -श्री स्थानीय प्रहरी कार्यालय

(छ) सदस्य सचिव -श्री महिला बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखा प्रमुख

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समिति तनहुँको नाममा जग्गाधनी श्रेस्ता कायम रहेको हाल व्यास ३ स्थित साविक फराकचौर ९/ग कि.नं.५२६ ०-११-२-१ मध्ये ०-२-२-२ कि.नं.२०३० ज.रो.५१-१४-३-२ मध्ये ०-३-१-२ को कित्ता जग्गा व्यास नगरपालिका वडा नं.३ को वडा कार्यालय निर्माणको लागि उपयोग गर्ने सम्बन्धमा २०८१/११/२६ को मन्त्रीपरिषद्बाट निर्णय भई जिल्ला भूमिसुधार तथा मालपोत कार्यालय तनहुँबाट समेत जग्गा उपयोगको प्रमाणपत्र प्राप्त भई सकेको हुँदा वडा कार्यालय भवन निर्माणको कुल लागत १ करोड ९६ लाख मध्ये ४० लाख चालु आ.व.मा विनियोजन भएकाले बाँकी रकम आगामी वर्षको बजेटमा श्रोत सुनिश्चितता गर्ने गरी ठेक्का प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.का लागि यस नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थानीय निर्देशक समितिको मिति २०८१/१२/५ मा बसेको बैठकको निर्णय अनुसार थप रोजगारी सृजनाको लागि देहायका वडाहरुलाई देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | विनियोजित रकम |
|---|---|---|
| १. | ६ | रु.२,००,०००/ दुई लाख रुपैयाँ |
| २. | ११ | रु.३,५८,०००/ तीन लाख अन्ठाउन्न हजार रुपैयाँ |
| ३. | १४ | रु.२,००,०००/ दुई लाख रुपैयाँ |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३३ औं स्थापना दिवसका अवसरमा स्मारिका प्रकाशन गरिने हुँदा स्मारिकाको सम्पादन गर्ने जिम्मा निम्नानुसार समितिलाई दिने निर्णय गरियो ।

संयोजक - श्री केदारराज आचार्य
सदस्य - श्री गोकणराज वाग्ले
सदस्य - श्री भेषराज तिवारी

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा पशुपंक्षी विकास उपशाखाको आ.व.०८१/०८२ को वार्षिक स्वीकृत सहकारी मार्फत बिकी हुने दुधमा अनुदान (खर्च शिर्षक नं.११२) कार्यक्रममा छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई आर्थिक विकास समितिबाट सिफारिस भए बमोजिम प्रथम अर्धवार्षिकको (श्रावणदेखि पुषसम्म) दुध बिकी/सङ्कलन विवरणको आधारमा प्रति लिटर रु.२ (दुई रुपैयाँ मात्र) को दरले हुन आउने तपसिल अनुसारको अनुदान रकम भुक्तानी दिने निर्णय गरियो ।

| **सि.नं.** | **सहकारी संस्थाको नाम, ठेगाना** | **दुधको परिमाण (लि.)** | **अनुदान रकम प्रति लि.रु.२।** |
|---|---|---|---|
| १ | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था १० | ५,१९,६४६। | १०,३९,२९२। |
| २ | बेलबास दुग्ध उत्पादक सहकारी संस्था १३ | २,४७,४१२।६९ | ४,९४,८२५।३८ |
| ३ | सेवर दुग्ध उत्पादक सहकारी संस्था १० | ७६,४७९। | १,५२,९५८। |
| ४ | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था ५ | ८९,८३४।४ | १,७९,६६८।०८ |
| ५ | चारकुने दुग्ध उत्पादक सहकारी संस्था १ | ५९,३२६। | १,१८,६५२। |
| | **जम्मा** | **९,९२,६९८।०९** | **१९,८५,३९६।१८** |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा पशुपंक्षी विकास उपशाखाको आ.व.०८१/०८२ को वार्षिक स्वीकृत सहकारी मार्फत बिकी हुने खसी/बोकामा अनुदान (खर्च शिर्षक नं.११३) कार्यक्रममा छनौट भएका खसी/बोका बिकी गर्ने सहकारी संस्थाहरुलाई आर्थिक विकास समितिबाट सिफारिस भई आए बमोजिम प्रथम अर्धवार्षिकको (श्रावणदेखि पुषसम्म) खसी/बोका सङ्कलन तथा बिकी वितरण विवरणको

आधारमा प्रति के.जी. रु.२०/(बीस रुपैयाँ) का दरले हुन आउने तपसिल अनुसारको अनुदान रकम भुक्तानी दिने निर्णय गरियो ।

| सि.नं. | सहकारी संस्थाको नाम, ठेगाना | बिक्री खसी/बोका जिवित तौल (के.जी.) | अनुदान रकम प्रति के.जी. रु.२०। |
|---|---|---|---|
| १ | शुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था, व्यास ८ | ११,७८२।७ | २,३५,६५४। |
| २ | आधारशीला सामाजिक उद्यमी महिला सहकारी संस्था, व्यास १२ | ४,१६९ | ८३,३८०। |
| | **जम्मा** | **१५,९५१।७** | **३,१९,०३४।** |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक खानेपानी, सिँचाई लगायत विपद्जन्य कार्यमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सृजना आमा समूह नेतृत्व विकास तालिम | १ | ३०,०००।- | १४० |
| २. | नवआदर्श टोलमा सडक बत्ती व्यवस्थापन | १ | ५०,०००।- | ८४९ |
| ३. | एकता महिला सशक्तीकरण सञ्जाल फोहोरमैला व्यवस्थापन प्रशिक्षण | १ | ८०,०००।- | १४० |
| ४. | मिलन टोल पानी मुहान संरक्षण | १ | २५,०००।- | ८४५ |
| ५. | शहरी सडकको आवधिक मर्मत कालोपत्रे | २ | ४,००,०००।- | ८८२ |
| ६. | अन्तराष्ट्रिय नारी दिवस कार्यक्रम सहयोग | ३ | १,००,०००।- | १४० |
| ७. | जुडिपानी टोलमा भिल्के मार्ग अधुरो नाला निर्माण | ४ | ३,००,०००।- | ८०२ |
| ८. | कृष्णपुर विरता टोल बुल्दी खोला कजवे हटाउने | ४ | ३४,५००।- | विपद |
| ९. | पतेनी दरै समाज भवनमा शौचालय निर्माण | ५ | १,५०,०००।- | ८४४ |
| १०. | विजय सुनार खेत संरक्षण | ५ | ५०,०००।- | ९६१ |
| ११. | संगम प्रा.वि. जीर्ण टिन फेर्ने | ५ | २५,०००।- | ८४६ |
| १२. | रमेशकुमार श्रेष्ठ (सिमलपानी) उपचार खर्च | ६ | ३५,०००।- | ६१ |
| १३. | गाइने खेत कुलो मर्मत | ६ | ४०,०००।- | ८४७ |
| १४. | उपल्लो नौबिसे कुलो मर्मत | ७ | १,५०,०००।- | ८४७ |
| १५. | राजेश गुरुङ्गको मुर्रा भैंसी अचानक मरी राहत | ७ | २५,०००।- | विपद |
| १६. | पार्वती श्रेष्ठ कृषि व्यवसायी डिजिटल तराजु सहयोग | ७ | ९,५००।- | १३२ |
| १७. | छापथोक शहरी स्वास्थ्य केन्द्र विद्युत, पानी मर्मत | ७ | ३२,८००।- | मर्मत कोष |
| १८. | कलेस्ती सार्वजनिक शौचालय मर्मत समेत | ७ | ४०,०००।- | मर्मत कोष |
| १९. | व्यास नगर समता विद्यालय कक्षा कोठा थप | ७ | ४,५०,०००।- | ८४६ |
| २०. | नानीमायां श्रेष्ठ घर भत्केको मर्मत सहयोग | ७ | ३०,०००।- | विपद |
| २१. | पाखुरीचोक बाटोबाट क्षति भएको पारसको घर संरक्षण | ८ | १,००,०००।- | ९६१ |
| २२. | शहिदपार्क पुलिमराङ रंगरोगन, बाटो मर्मत, शहिद दिवस खाजा व्यवस्थापन | ८ | १,३०,०००।- | ६९ |
| २३. | माहेन्द्री माध्यामिक विद्यालय एस.ई.ई. परीक्षा व्यवस्थापन | ९ | ४०,०००।- | ६९ |
| २४. | नरेन्द्रराज खनाल खसी अचानक मरी राहत | ९ | ७,०००।- | विपद |
| २५. | मंगलीगैरादेखि सेवर जाने मोटर बाटो, नाला मर्मत | १० | ४५,०००।- | ९६१ |
| २६. | उपल्लो मंगलीगैरा खानेपानी मोटर खरिद | १० | ४०,०००।- | ८४५ |
| २७. | बैरेनी खानेपानी कुवा मर्मत | १० | १,३५,०००।- | ८४५ |

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| २८. | अमित गुरुङ्ग जटिल उपचार सहयोग | १० | ३०,०००।- | ६१ |
| २९. | दुम्सीचौर दरै समाज अधुरो भवन निर्माण | १० | २,००,०००।- | ८४४ |
| ३०. | बेलटारी तातोपानी वडा पहुँच मार्ग कजवे संरक्षण | ११ | १,८०,०००।- | ९६१ |
| ३१. | मैयां सार्की घर एवं खानेपानी कुवा संरक्षण | १२ | ५०,०००।- | ९६१ |
| ३२. | भद्रु लामिडाँडा खानेपानी ट्याङ्कि मर्मत | १२ | ४५,०००।- | ८४५ |
| ३३. | छाब्दी खोलाबाट जुनुमायां तिवारी समेतको खेत संरक्षण ढुंगा हटाउने | १२ | ३६,०००।- | विपद् |
| ३४. | साँगे दर्पण विज्ञापन सहयोग | | २०,०००।- | ३७ |
| ३५. | प्रजातन्त्र सेनानी संघ विज्ञापन सहयोग | | २०,०००।- | ३७ |
| ३६. | वैदिक पुरोहित समाज विज्ञापन सहयोग | | १५,०००।- | ३७ |
| ३७. | मगर विद्यार्थी संघ केन्द्रीय अधिवेशन सहयोग | | ३५,०००।- | ९० |

***